विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक




● मकवानपुर, वर्ष-१४, ● अंक-४० ● २०७९ वैशाख ०५ गते सोमबार, ● 18 April 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# गुणस्तरीय शिक्षाका लागि साझा प्रतिवद्धता

विकास संवाददाता
थाहानगर

पालुङ बहुमुखी क्याम्पसको पाँचौ परिषद सभा तथा १९ औं वार्षिक उत्सव विविध कार्यक्रमको आयोजना गरी मनाइएको छ । मकवानपुर जिल्लाको उत्तरी क्षेत्रमा रहेको एकमात्र स्नातक तह अध्यापन हुने क्याम्पसको २८ चैतमा वार्षिक उत्सव कार्यक्रम मनाइएको हो । थाहा नगरपालिकाका नगर प्रमुख लवशेर विष्टको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।




कार्यक्रमका प्रमुख अतिथी तथा नगर प्रमुख विष्टले जीवन र जगतलाई बुझ्ने र समाजप्रतिको उत्तरदायित्व हुने शिक्षा नै आजको आवश्यकता भएको औल्याए । उनले आर्थिक अभावले पालुङ क्याम्पस बन्द हुन नदिने बताउँदै प्रविधीमैत्री शिक्षामा नगर अगाडि बढ्न तयार रहेको उल्लेख गरे । यसका लागि नगरपालिका हातेमालोको गर्न तयार रहेको प्रतिवद्धता व्यक्त गरे । उनले क्याम्पसको सफलताको कामना गर्दै गुणस्तरीय शिक्षाका लागि शुभकामना व्यक्त गरे । सो अवसरमा प्रमुख अतिथि विष्टले क्याम्पसले वार्षिक उत्सवको अवसरमा प्रकाशन गरेको 'पालुवा' स्मारिका विमोचन गरे । क्याम्पस संचालक समितिका उपाध्यक्ष श्यामभक्त श्रेष्ठले कार्यक्रमका अतिथीहरूलाई स्वागत गरेका थिए । कार्यक्रममा क्याम्पसले साताव्यापी रूपमा आयोजना गरेको विभिन्न प्रतियोगिता उत्कृष्ट तथा कार्यक्रमका सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो । वार्षिक उत्सव कार्यक्रममा उत्कृष्ट हुनेलाई प्रमाणपत्र बितरण गरियो भने बिबिएस संकायमा उत्कृष्ट अंक ल्याउने बिकेश गोपाली तथा राकेश प्रधानलाई सम्मान गरिएको थियो । त्यस्तै विषयगत प्राध्यापकद्वय सन्तोष हमाल र सहमुद्दिन मियाँलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा क्याम्पसको आर्थिक प्रतिवेदन संचालक समिति कोषाध्यक्षको तर्फबाट बिमल कुमार बिष्टले प्रस्तुत गरेका थिए । कार्यक्रमकै अवसरमा २३ जना विद्यार्थीलाई विभिन्न संघसंस्था तथा व्यक्तिहरूबाट प्रदान गरिएको छात्रवृत्ति वितरण गरिएको थियो ।

कार्यक्रममा थाहानगर शिक्षा समितिका सदस्य सुरेन्द्रमान प्रधानले पालुङ क्याम्पसमा विद्यार्थी संख्या बढ्न नसक्नु चिन्ताको विषय भएको बताउदै नगरको विकासको पूर्वाधार मध्ये क्याम्पस पनि महत्वपूर्ण भएको बताए । प्रधानले क्याम्पसको विकासका लागि संचालक समितिको मात्र मुख ताकेर बस्न नहुने र अपनत्वको भावना विकास गराउनुपर्ने धारणा राखे । उनले क्यम्पसको नीति तथा कार्यक्रम परिमार्जन गर्ने बेला भएकोमा समेत जोड दिदै भने–'नगरका ६२ वटा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी उच्च शिक्षा लिन कहाँ जान्छन भनेर खोज्नुपर्छ, उनीहरूको उच्च शिक्षा अध्ययनको थलो यहि क्यम्पसलाई बनाउनूपर्छ ।'

नेकपा माओवादी केन्द्र थाहानगरका अध्यक्ष बिनोद कुमार लामाले समाजमा भएको शैक्षिक संस्था कत्तिको उत्कृष्ट छ भन्ने मापन त्यहाँका राजनीतिक दलहरू कत्तिको उत्कृष्ट छन् भन्ने कुराले देखाउने बताए । नेकपा एमाले थाहानगर अध्यक्ष अच्युत्तम प्रसाद ढकालले पालुङमा उच्च शिक्षाको सपना देख्दै क्याम्पस स्थापना गर्नुपर्छ भनेर दिलोज्यान लगाउने तत्कालीन दामन पालुङ आर्थिक विकास समितिका अध्यक्ष वाशुदेव बिष्टको सम्झना गरे । ढकालले १५ लाखको बजेटमा समेत शिक्षालाई महत्व दिने यहि ठाउँ अहिले १ अर्बको बजेट हुँदा पनि शिक्षा क्षेत्र ओझेलमा परेको बताए । उनले भने–'यतिका वर्ष बजेट बाँड्यौं, शिक्षालाई कति छुट्टायौँ समिक्षा समिक्षा गरौं ।' कार्यक्रममा नेपाली काँग्रेसकी नेतृ राममाया खत्रीले क्याम्पसले गुणस्तरीय शिक्षामा जोड दिनुपर्ने बताउँदै शुभकामना दिइन् ।

क्यम्पसलाई शुभकामना दिदै संघसंस्थाको तर्फबाट पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष पुरूषोत्तम कार्कीले २०४८ सालमा एकमत हुन नसक्दा नगरमा क्याम्पस खोल्न पाँच बर्ष ढिलो भएको स्मरण गरे । उनले नजिकको तिर्थ हेला भन्ने उदाहरण 'पालुङ क्याम्पस' भएको बताउदै क्याम्पसले गुणस्तरीय शिक्षा दिन्छ भन्ने सबै तिर सन्देश पुऱ्याउनू आजको आबश्यकता भएको औल्याए । उनले क्याम्पसलाई पालुङ बहुउद्देश्यीय सहकारीले छात्रवृत्ति दिदै सहयोग गर्दै आएको पनि जानकारी गराए ।

कार्यक्रमका सभाध्यक्ष तथा क्याम्पस संचालक समितिका अध्यक्ष बिष्णु विष्ट 'आदर्श'ले आफुले नेतृत्व सम्हालेर भौतिक, आर्थिक एवं प्राज्ञिक विकासको कार्यलाई यथासम्भव अघि बढाएको चर्चा गरे । अध्यक्ष विष्टले युगानुसार अघि बढाउन धेरै काम बाँकी रहेको स्मरण गदै, सीमित विद्यार्थीबाट दुईवटा संकायमा पठनपाठन

*बाँकी पेज ५ मा*

## वार्षिकोत्सवमा वृक्षारोपन

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको दामन र टिष्टुङमा रहेको वनस्पती उद्यानमा वनस्पती विभागको ६२ औं वार्षिकोत्सव तथा २३ औं वनस्पती दिवस मनाइएको छ । वनस्पति दिवसको पूर्व सन्ध्यामा पर्वतीय वनस्पति उद्यान दामन र वनस्पती उद्यान टिष्टुङमा सचेतनामुलक छलफल तथा वृक्षारोपण कार्यक्रम गरिएको हो ।

वनस्पति अनुसन्धान केन्द्र मकवानपुरका प्रमुख तथा वरिष्ठ बैज्ञानिक रघुराम पराजुलीको विशेष उपस्थितीमा दामनमा रहेको उद्यान र टिष्टुङ उद्यानमा कार्यक्रमको आयोजना गरी दिवस मनाइएको हो । दिवसको अवसरमा उद्यान क्षेत्रमा वृक्षारोपन समेत गरिएको छ । मकवानपुरमा बृन्दावन पदमपोखरी, पर्वतीय वनस्पती उद्यान दामन र वनस्पती उद्यान टिस्टुङ गरी तीन वटा उद्यान रहेका छन् ।

दामन उद्यान ६५ हेक्टर क्षेत्रफलमा फैलिएको छ । यहाँ दुर्लभ र लोपोन्मुख जडिबुट्टि तथा वनस्पतीहरू संरक्षण गरिदै आएको छ । दुईवर्ष अघि मकवानपुरमा वनस्पती अनुसन्धान प्रमुख भएर आएका पराजुलीले दुर्लभ भोटेलहरा मकवानपुरमै फेला पारेर नयाँ रेकर्ड कायम गरेका थिए । पराजुलीले वनस्पती संरक्षण, अनुसन्धान तथा यसलाई पर्यटन प्रवर्द्धनसंग जोडिने विभिन्न महत्वपूर्ण योजना कार्यान्वयन गर्दै आएका छन् ।

## *व्यक्तिगत घटना दर्ता सप्ताह शुरू*

◆ विकास संवाददाता

प्रत्येक वर्ष संचालन हुने व्यक्तिगत घटना दर्ता सप्ताह शुरू भएको छ । राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग अन्तर्गत स्थानीय तहहरूले संचालन गर्ने सप्ताह १ वैशाखबाट ७ गतेसम्म संचालन हुने गर्दछ ।

सप्ताहमा पालिका र तिनका वडा कार्यालयहरूबाट व्यक्तिगत घटना दर्ता सम्बन्धी प्रचार प्रसार तथा घटना दर्ता प्रोत्साहनका कार्यक्रमहरू संचालन हुने मकवानपुर थाहा नगरपालिकाका एम.आइ.एस. सेवा इकाइका एमआइएस अपरेटर रूपक कार्कीले बताए । वैशाख १ गतेदेखि बैशाख ७ गते सम्म संचालन हुने सप्ताह व्यापी कार्यक्रममा व्यक्तिगत घटना दर्ता सम्बन्धि विवरण संकलनको कार्यक्रमलाई विभागले सप्ताहको रूपमा संचालन गर्न पालिकाहरूलाई परिपत्र गरेको छ ।

व्यक्तिगत घटना दर्ताहरू छुट्न गएका सम्पुर्ण सेवाग्राहीहरूलाई मध्यनजर गर्दै विभागले अनिवार्य रूपमा व्यक्तिगत घटना दर्ताका विवरणहरू संकलन गर्न भनेको छ । घटना दर्ता सप्ताहका वेला प्राथमिकताको साथ वडा कार्यालयहरूले घटनादर्ताको कार्यक्रमलाई अघि बढाउने थाहा नगरपालिकाले जनाएको छ ।

## बागमतीले प्रदेशमा मात्र हुने सार्वजनिक विदा थप्यो

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले २०७९ का लागि दिने बिदाको सूची सार्वजनिक गरिएको छ । राजपत्रमा प्रकाशित सूचनाअनुसार २०७९ मा बागमती प्रदेश सरकारले ३ दिन सार्वजनिक विदा निर्धारण गरेको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालयले जारी गरेको प्रदेश राजपत्रमा वैशाख १ गतेदेखि चैत मसान्तसम्म संघीय सरकारले दिने बिदाको अतिरिक्त विदा दिने गरी सूचना प्रकाशित गरिएको छ । राजपत्रमा प्रकाशित विदाको सूचीमा जेठ २ गते उभौली पर्वको अवसरमा थामी समूदायको लागि मात्र विदा दिने सूचनामा जनाइएको छ ।

त्यस्तै भदौ २२ गते न्वागी पर्वको अवसरमा चेपवाङहरूको बसोबास रहेको मकवानपुर, धादिङ र चितवन जिल्लामा विदा दिने र फागुन १६ गते लदी पर्वको सार्वजनिक विदा दिने राजपत्रमा उल्लेख छ ।




प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## पर्यटनमा पलाएको आशा

कोरोना महामारी र त्यसको नियन्त्रणका लागि लगाइएका बन्देजका कारण घटेको पर्यटक आगमन केही हप्तायता उत्साहजनक रूपमा बढ्न थालेको छ । अहिले दैनिक २ हजार पर्यटक नेपाल भित्रिइरहेको सरकारी अधिकारीहरूको भनाइ छ । यसमा भारतीय सीमाबाट गाडी लिएर वा अन्य माध्यमबाट प्रवेश गर्ने पर्यटकको यकिन संख्या छैन । कोरोनाबाट सबैभन्दा बढी प्रभावित क्षेत्र मानिएको पर्यटनमा अहिले आशाको सञ्चार भएको छ । विदेशी विनिमय सञ्चितिमा आएको ह्रासका कारण अर्थतन्त्र संकटमा फस्ने त होइन भन्ने आशंका बढिरहेका बेला पर्यटक आगमनको संख्याले केही राहत दिएको छ । अहिले पर्यटकीय याम भएकाले पनि होटेलहरूको अकुपेन्सी बढेको व्यवसायीहरूको भनाइ छ । कोरोनाका कारण घुमफिर गर्न जान नपाएका पर्यटकहरू अहिले धमाधम पर्यटन प्याकेज लिइरहेका छन् । पर्यटनको यो विश्वबजारबाट नेपालले लाभ लिन विशेष कार्यक्रम ल्याउन आवश्यक देखिन्छ । नेपालले प्रचारका लागि विशेष अभियान चलाएका कारण पर्यटकको आगमन बढेको होइन । अहिले आएका पर्यटकमध्ये अमेरिकी र बेलायतीको संख्या उल्लेख्य देखिन्छ । यो गुणस्तरीय पर्यटनका लागि आशाको संकेत हो । तर, यी देशबाट बढीभन्दा बढी पर्यटक ल्याउन नेपालले प्रवर्द्धनात्मक कार्यक्रम गर्न पुगेको छैन । त्यस्तै, पर्यटनका विशेष प्याकेज पनि पर्याप्त छैनन् ।

अहिले देखिएको सकारात्मक वृद्धिलाई अझ बढी गति दिन पर्यटनसँग सम्बद्ध कार्यालयहरूमा व्यापक सुधार आवश्यक देखिन्छ । त्रिभुवन विमानस्थलमा ओर्लनेबित्तिकै पर्यटकहरूले जे अनुभव गर्छन् त्यो निकै महत्त्वपूर्ण हुन्छ । तर, अनलाइन तिर्न मिल्ने शुल्कका लागि नगद नै लिएर आइज भनेर अध्यागमन कार्यालयले यही ठाउँबाट नकारात्मक सन्देश दिएको छ । पर्यटक हैरानी बेहोर्न आएका होइनन्, सकारात्मक नयाँ अनुभव र अनुभूति सँगाल्न आएका हुन् । तर, उनीहरूले विमानस्थलबाट शुरू भएको हैरानी विभिन्न ठाउँमा झेल्नुपर्ने बाध्यता छ । त्यसैले नेपालले सेवाको गुणस्तर सुधार्नु जरुरी छ । नेपाल तुलनात्मक रूपमा सस्तो गन्तव्य भए पनि सीधा उडान नभएकाले पर्यटकले भाडाकै लागि ठूलो रकम खर्चिनुपर्ने बाध्यता छ । यो बाध्यताको अन्त्य गर्न प्रमुख पर्यटकीय बजारहरूमा नेपाली वायुसेवा पु्याउन जरुरी छ जुन तत्कालका लागि भने कठिन देखिन्छ । विदेशी वायुसेवाहरूले सीधा उडान सेवा दिए भने पनि पर्यटक आगमन संख्या निकै बढ्छ । ट्रान्जिटमा नै लामो समय बिताउनुपर्ने अवस्था भएकाले इच्छा भएर पनि पर्यटकहरू नेपाल भ्रमणमा आउन सकिरहेका छैनन् । विभिन्न देशबाट भैरहवा र पोखरामा सीधा वायुसेवा सञ्चालन हुने हो भने पर्यटक संख्या त्यस क्षेत्रमा निकै बढ्ने सम्भावना देखिन्छ ।

नेपालले पर्यटकीय प्याकेजहरूमा नवीनता ल्याउन सकेको छैन । त्यही कारण पनि पर्यटक बढ्न नसकेको देखिन्छ । र्‍याफ्टिङका लागि नेपाल आउने पर्यटक भारततिर आकर्षित हुनु यसको उदाहरण हो । पछिल्लो समय तारे होटेलहरूको संख्या बढेको छ । केही साहसिक खेलहरू पनि थपिएका छन् । तर, यस्तो खेलमा विदेशीभन्दा स्वदेशी पर्यटक नै आकर्षित भएको देखिन्छ । नेपालले विशेष खालको पर्यटनमा जोड दिनु उपयुक्त हुन्छ । अपांगता भएका व्यक्तिहरूका लागि विशेष प्याकेज ल्याउने हो भने गुणस्तरीय पर्यटक ल्याउन सकिन्छ । त्यस्तै मेडिकल पर्यटनलगायत नवीन खालका प्याकेजमा लगानी बढाउन आवश्यक छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | |
|---|---|
| विहान ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान ८:00 | बजे हेटौडा (बस) |
| विहान ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# समय : "बजेट तर्जुमा"



**रुपनारायण खतिवडा**

यतिबेला नेपाल सरकारका विषयगत मन्त्रालय र निकायहरू आगामी आर्थिक वर्ष २०७९/८० को बजेट तर्जुमा गर्नमा जुटिरहेका छन् । नेपालको संबिधानले प्रत्येक वर्ष जेठ महिनाको १५ गते संघीय संसद्मा बजेट पेश गर्नुपर्ने संवैधानिक व्यवस्था गरेको छ । यस हिसाबले अबको करिब एक महिनापछि संसद्मा बजेट पेस गर्नैपर्ने बाध्यात्मक अवस्थाका कारण विषयगत मन्त्रालय र निकायहरू बजेट तयारीमा जुट्नुपरेको हो । यसबीचमा, राष्ट्रिय योजना आयोगको सचिवालयले 'आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्यक्रम र त्रिवर्षीय मध्यमकालीन खर्च संरचनाको खाकासहितको बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७८' प्रस्तुत गरी आगामी वर्षको बजेट निर्माणलाई मार्गनिर्देशन गरेको छ ।

आगामी आर्थिक वर्ष चालू आवधिक योजनाका रूपमा रहेको पन्ध्रौँ योजना कार्यान्वयनको चौथो वर्ष हो । पन्ध्रौँ योजनाले तय गरेको दीर्घकालीन सोच २१०० को मार्गचित्रमा निर्धारित दीर्घकालीन सोच एवं लक्ष्य र योजनाको उद्देश्य तथा राष्ट्रिय लक्ष्यको कार्यान्वयनमा आगामी बजेटले महत्वपूर्ण भूमिका खेल्नुपर्ने हुन्छ । सन् २०३० भित्रै दिगो विकास लक्ष्य हासिल गर्ने यी लक्ष्यहरूको आन्तरिकीकरण र स्थानीयकरणसहित कार्यान्वयनमा तीव्रता दिनेगरी कार्यक्रम र बजेट तर्जुमामातर्फ पनि आगामी बजेटको ध्यान पुग्नुपर्ने देखिन्छ ।

राष्ट्रिय गौरवका आयोजना एवं रूपान्तरणकारी आयोजनाहरूको कार्यान्वयन तथा आर्थिक समृद्धिको आधार निर्माण गर्ने प्रकृतिका विकास कार्यक्रम र आयोजनालाई उच्च प्राथमिकता नदिएसम्म देशले कोल्टो फेर्न नसक्ने भएकोले आगामी आर्थिक वर्षको बजेट यसतर्फ केन्द्रित हुन पनि उत्तिकै आवश्यक छ । नेपालको संविधान र यसले मार्गनिर्देश गरेको संघीय लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरणलाई मार्गप्रशस्त गर्ने हैसियत समेत आगामी बजेटले राख्नुपर्ने हुन्छ । यी सबै परिदृश्यहरूका बीच कोभिड १९ महामारीको मार निरन्तर जारी रहेको तथ्यलाई पनि बजेट निर्माणका क्रममा नजरअन्दाज गर्न सकिने स्थिति छैन । त्यसैले, विगतमा महामारीको मारका कारण प्रभावित क्षेत्र र उपक्षेत्रलाई प्राथमिकता दिँदै समग्र अर्थतन्त्रको पुनरूत्थानमा तीव्रता कायम हुनेगरी वार्षिक विकास कार्यक्रम, बजेट र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने स्थिति विद्यमान रहेको छ ।

राष्ट्रिय योजना आयोगको सचिवालयद्वारा जारी गरिएको बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तथा ढाँचामा आगामी आवका लागि योजना तथा कार्यक्रम प्रस्ताव गर्दा विभिन्न विषयहरूलाई आधार मानेर गर्नुपर्ने उल्लेख छ । जसमा, नेपालको संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, पन्ध्रौँ योजना, नेपाल सरकारको नीति र कार्यक्रम, वर्तमान सरकारको न्यूनतम साझा कार्यक्रम, दिगो विकास लक्ष्यहरू, विकासशील मुलुकमा स्तरोन्नति हुने विषय, संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्डलगायतका विषयहरूलाई बजेट तर्जुमाको आधारका रूपमा लिनुपर्ने हुन्छ । राष्ट्रिय योजना आयोगको सचिवालयबाट जारी गरिएको मार्गदर्शन तथा ढाँचामा आगामी आवका लागि योजना तथा कार्यक्रम प्रस्ताव गर्दा पन्ध्रौँ योजना, दिगो विकास लक्ष्यहरू र अतिकम विकसित मुलुकबाट स्तरोन्नति गर्ने तीनवटा प्रमुख विषयलाई उच्च प्राथमिकता दिएर बजेट प्रस्ताव गर्न भनिएको छ ।

पन्ध्रौँ योजनाले निर्दिष्ट गरेको समष्टिगत आर्थिक लक्ष्य हासिल गर्न विषय क्षेत्रबाट योगदान पुग्नेगरी विकास कार्यक्रम र बजेट प्रस्ताव गर्न मार्गनिर्देश गरिएको छ । यसैगरी, दिगो विकास लक्ष्य हासिल गर्न सघाउ पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिई प्रस्ताव गर्न र लक्ष्यहरूको विषय क्षेत्रगत योजना, कार्यक्रम र बजेटमा आन्तरिकीकरण गर्नेगरी प्रस्ताव गर्नुपर्ने व्यवस्था मार्गदर्शनले गरेको छ । अतिकम विकसित मुलुकबाट स्तरोन्नतिपश्चात् पर्ने असरलाई मध्यनजर गरी कार्यक्रम प्रस्ताव गर्ने तथा स्तरोन्नतिका सन्दर्भमा प्रतिव्यक्ति आयको मापदण्ड पूरा नभएकोले आय वृद्धि गर्ने, उत्पादन, उत्पादकत्व र रोजगारी बढाउने किसिमका कार्यक्रमहरूलाई प्राथमिकता दिई बजेट प्रस्ताव गर्न राष्ट्रिय योजना आयोगले सबै विषयगत मन्त्रालय र निकायहरूलाई मार्गनिर्देश गरेको छ । यसैगरी, बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७८ मा तहगत सरकार बाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासम्बन्धी मार्गदर्शन, विषय क्षेत्रगत कार्यक्रम तथा बजेटसम्बन्धी मार्गदर्शन तथा मध्यमकालीन खर्च संरचनासम्बन्धी मार्गदर्शन समेत छुट्टाछुट्टै रूपमा समावेश गरिएको छ ।

विकास कार्यक्रम र बजेट तर्जुमा गर्दा सम्बन्धित मन्त्रालय वा निकायको लागि उपलब्ध गराइएको बजेट सीमाभित्र रहेर प्रस्ताव गर्ने, क्रमागत वा बहुवर्षीय आयोजनाका हकमा हालसम्मको प्रगतिको समीक्षा गरी आगामी वर्ष र त्यसपछिका दुई वर्षमा सञ्चालन हुने क्रियाकलापका लागि मात्र बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ । एकभन्दा बढी संघीय मन्त्रालय वा निकायको सहयोग तथा समन्वयमा सञ्चालन हुने आयोजना र कार्यक्रमका लागि सबै निकायसँग समन्वय गरेर मात्र प्रस्ताव गर्ने, तहगत सरकारको समन्वयमा सञ्चालन हुने र प्रदेश तथा स्थानीय तहलाई सहयोग पुग्ने किसिमका कार्यक्रम, आयोजनालाई प्राथमिकता दिई प्रस्ताव गर्न मार्गदर्शनमा भनिएको छ । यसैगरी, संघीय निकायले बजेट प्रस्ताव गर्दा प्रदेश, स्थानीय तहले सञ्चालन गरेका कार्यक्रम, आयोजनासँग दोहोरो नपरेको सुनिश्चित गर्नुपर्ने तथा कम लागतका टुक्रे कार्यक्रम र आयोजनाहरूका लागि बजेट प्रस्ताव गर्न नपाइने व्यवस्था समेत मार्गदर्शनले गरेको छ । निर्माणसम्बन्धी आयोजना प्रस्ताव गर्दा पूर्वसम्भाव्यता वा सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन, जग्गा, कच्चापदार्थ तथा जनशक्ति प्राप्ति, रेखांकन, नक्सांकन भइसकेका, कानुनी विवाद नभएका वा निरूपण हुनसक्ने अवस्थामा रहेका कार्यक्रम र आयोजना प्रस्ताव गर्न तथा २० करोडभन्दा न्यून लागत भएका आयोजना पुनरावलोकनका लागि प्रस्ताव गर्न समेत मार्गदर्शनमार्फत आयोगले जोड दिएको छ ।

पुँजीगत बजेटका हकमा लागत प्रभावकारिता र चालू बजेटका हकमा मितव्ययितालाई प्रमुख सिद्धान्तका रूपमा अवलम्बन गर्नुका साथै वित्तीय अनुशासन र खर्चलाई नतिजासँग आबद्ध हुनेगरी बजेट प्रस्ताव गर्न उक्त मार्गदर्शनमा स्पष्ट पारिएको छ । गरिबी, अशिक्षा र बेरोजगारी न्यूनीकरण गर्दै आर्थिक सामाजिक असमानता कम गर्ने कार्यक्रमलाई प्राथमिकता दिन, प्रतिबद्धता गरिएका लागतहरू, वित्तीय हस्तान्तरण, राष्ट्रिय गौरवका आयोजना र रूपान्तरणकारी आयोजनालाई बजेट सीमा उपलब्ध गराउँदा नै बजेट सुनिश्चितता गर्न, आयोजनागत रूपमा क्रियाकलाप खुल्नेगरी मात्र बजेट प्रस्ताव गर्न तथा आगामी आर्थिक वर्षमा सम्पन्न हुने आयोजनाहरूलाई प्राथमिकतामा राखी बजेट प्रस्ताव गर्नसमेत मार्गदर्शनमा उल्लेख छ । यसैगरी, आयोजना बैंकमा प्रविष्ट भइसकेका आयोजनालाई मात्र बजेट प्रस्ताव गर्ने गरी कार्यक्रम प्रस्ताव गर्न, नयाँ आयोजनाका हकमा राष्ट्रिय आयोजना बैंकमा प्रविष्ट भएको आयोजना अवधारणापत्रको विवरण बजेट छलफलका क्रममा पेस गर्न, क्रमागत आयोजनाको हकमा एक-आपसमा गाभ्ने, हटाउने वा स्तरोन्नति गर्नेगरी पुनर्वर्गीकरण गरी आगामी तीन वर्षभित्र सम्पन्न गर्नेगरी वार्षिक विकास कार्यक्रम र बजेट प्रस्ताव गर्नसमेत राष्ट्रिय योजना आयोगले मार्गदर्शनमार्फत सबै विषयगत मन्त्रालयहरूलाई सुझाएको छ ।

बजेट तर्जुमा बजेट चक्रको सुरूवाती चरणभित्र पर्ने अत्यन्त संवेदनशील र महत्वपूर्ण क्रियाकलाप हो । नयाँ आर्थिक वर्षका लागि बजेटको तर्जुमा गरिरहँदा विगत वर्षहरूका बजेट र तिनको प्रभावकारिता मूल्यांकन आवश्यक पर्दछ । विगतमा बजेटले समेटेका के-कति कार्यक्रम सफल भए, तिनले राष्ट्रिय विकासको लक्ष्यमा के-कस्तो योगदान पु-याउन सके, कार्यान्वयन हुन नसकेको भए किन हुनसकेनजस्ता पक्षहरूमाथि गम्भीर समीक्षा गरी त्यसबाट प्राप्त पृष्ठपोषणलाई ग्रहण गरिन आवश्यक छ । तर, विगत वर्षका बजेट कार्यान्वयनको समीक्षा औपचारिकतामा नै पूरा गर्ने, गरि हाले पनि त्यसलाई बेवास्ता गरेर आगामी वर्षको बजेट तर्जुमा गरिने प्रचलनले मुलुकलाई न्याय गर्न सकेको छैन । बजेट तर्जुमासँग सम्बन्धित यी गम्भीर पक्षहरूलाई नजरअन्दाज गरिएकै कारण वर्षौदेखि सरकारी निकायहरू बजेट कार्यान्वयनमा अत्यन्त कमजोर साबित भइरहेका छन् ।

योजना आयोगको निर्देशन र बजेट तर्जुमालाई एउटा नियमित औपचारिकताका रूपमा मात्र लिई कर्मकाण्डी ढंगले तर्जुमा गरिने परिपाटीले यसको कार्यान्वयनलाई जटिल बनाइरहेको मात्र हैन, मुलुकलाई नै पछाडि धकेलिरहेको स्थिति समेत विद्यमान छ । हरेक वर्ष राष्ट्रिय योजना आयोगले वार्षिक बजेट तयार गर्नेसम्बन्धी मार्गनिर्देशन जारी गर्ने र निकायगत बजेट सीमा निर्धारण गर्ने तर, व्यवहारमा प्रायः सबै मन्त्रालय र निकायहरूले मार्गदर्शनको अक्षरंशः पालना नगर्ने एवं निर्धारित सीमामा नबस्ने प्रवृत्ति देखिने गरेको छ । बजेट छलफलका क्रममा विषयगत मन्त्रालयहरू र अर्थ मन्त्रालयबीच ठूलै रस्साकस्सी चल्नेगरे पनि अन्ततः कार्यान्वयनको चरणमा आइपुग्दा पुरानै हविगत दोहोरिने गर्दछ । तर्जुमा चरणमा देखिनेगरेका यस किसिमका यावत कमजोरीहरूलाई ध्यान नदिई अन्धाधुन्ध बजेट तर्जुमा गर्दै जाने हो भने नयाँ आर्थिक वर्षको बजेटबाट पनि ठूलो आशा गर्न सकिन्न । अतः बजेट तर्जुमाको कर्मकाण्डी अभ्यासलाई त्यागेर बदलिँदो परिस्थितिमा मुलुकी अर्थतन्त्रका चुनौतीहरूलाई चिर्दै राष्ट्रिय हितको उच्चतम सम्बर्द्धन हुनेगरी यथार्थपरक कार्यक्रमहरू प्रस्ताव गर्नसके कार्यान्वयनशील बजेट तर्जुमा भई देश बिकासको लक्ष्य हासिल हुनसक्ने अपेक्षा राख्न सकिन्छ ।

कार्यालय: थाहा-४
सम्पर्क नं. ९८०७१५३३००
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
२०७९ वैशाख ०५ गते सोमबार, 18 April 2022, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# एक्लै हुर्किएका बच्चा असामाजिक हुने डर

बढ्दो महंगी र बदलिंदो जीवनशैलीले गर्दा अहिले परिवारको आकारमा परिवर्तन आएको छ । पहिले जस्तो तीन-चार जना सन्तान जन्माउने चलन अहिले कमै छ । अहिले श्रीमान्-श्रीमती दुवै कामकाजी हुन्छन् । समय अभावका कारण र बच्चाको लालनपालनमा ध्यान दिन सजिलो होस् भनेर धेरै दम्पतीले अहिले एउटै सन्तानमा चित्त बुझाउन थालेका छन् ।

यसरी परिवारलाई खुम्चाएर एउटा सन्तान मात्र जन्माउँदा बच्चामा त्यसको साइड इफेक्ट पनि हुनसक्ने विभिन्न अध्ययनहरूले देखाएका छन् । एक्लै हुर्किने बच्चामा मूलतः के कस्ता मनोवैज्ञानिक समस्या देखिन्छ ? एकल बच्चालाई कस्तो किसिमको अभिभावकत्व जरूरी हुन्छ ? यसै विषयमा साताको जीवनशैलीमा समेटिएको छ :



### एकल सन्तानको मनोवृत्ति:

एकल बच्चामा समायोजनको समस्या बढी देखिएको छ । एक्लै हुर्कने बच्चामा जिद्दीपन पनि बढी हुने गर्छ । त्यस्तो बच्चाले अभिभावकबाट सम्पूर्ण सुख सुविधा पाएका हुन्छन् । यसरी हुर्किएका बालबालिकालाई परिस्थितिसँग सम्झौता गर्न गाह्रो हुन्छ । बच्चामा उनीहरूको सम्पूर्ण आवश्यकता पूरा गर्दा ठूलो भएपछि पनि उनीहरू त्यही चाहन्छन् । कुनै आवश्यकता पूरा हुन नसक्ने छ भने पनि उनीहरू सम्झौता गर्न सक्दैनन् । विभिन्न परिस्थितिसँग समायोजन गर्न नसक्ने मनोवृत्ति एक्लै हुर्कने बच्चाहरूमा देखिन्छ ।

### एक्लोपनको असर:

अभिभावकहरूले अहिले एक्लो बच्चालाई हुर्काउने जुन अभ्यास गरिरहेका छन् त्यसले उनीहरू समाजमा सजिलै घुलमिल हुन सकेका छैनन् । बालबालिकाको हरेक आवश्यकता पूरा गर्दिने, तर उनीहरूको लागि समय ननिकाल्ने जस्ता कुराले उनीहरूको सामाजिकीकरणमा समस्या भइरहेको छ । यसरी हुर्किएका बालबालिका साथीको समूह नै बनाउँदैनन् । साथीहरूको समूहमा संलग्न छन् भने पनि आफूले भनेको कुरा साथीहरूले नमान्दा उनीहरूसँग नमिल्ने, हीनताबोध र असामाजिक व्यवहारको विकास हुनसक्छ ।

### मनोवैज्ञानिक असर :

कुनै बालबालिका हजुरबा-हजुरआमासँग हुर्किने मौका पाएका हुन्छन् भने उनीहरू भावनात्मक रूपमा बलियो हुन्छन् । यस्ता बालबालिका सजिलै रूपमा समाजमा घुलमिल हुन सक्छन्, जुनसुकै परिस्थितिमा पनि भिज्न सक्ने र विवेकी पनि हुन्छन् भनेर विभिन्न अध्ययनले देखाएका छन् ।

जुन बच्चाले अभिभावकसँग राम्ररी समय बिताउन पाएका छैनन्, उनीहरू विभिन्न परिस्थितिमा कसरी प्रतिक्रिया गर्ने भन्ने व्यावहारिक ज्ञान सिक्न पाउँदैनन् । हजुरबा-हजुरआमा तथा परिवारका अन्य सदस्यको समय राम्ररी नपाएका बालबालिकामा सामाजिक भावनाको पनि विकास राम्ररी हुँदैन र यी कुराले गर्दा कहीं न कहीं बालबालिकाको समग्र व्यक्तित्व विकासमा नराम्रो असर परेको हुन्छ । जसले गर्दा पछि ठूलो भएर पनि उनीहरूमा आत्मसम्मानको भावनामा कमी हुने र परिवारका सदस्यसँगै पनि समायोजनमा समस्या हुने हुन्छ ।

यसरी हुर्किएकाहरूमा पछि वैवाहिक जीवनमा पनि समस्या आउने गर्दछ । एक्लै हुर्किएका बालबालिकालाई पछि गएर आफ्नो पार्टनरसँग समायोजन गर्न पनि अलि गाह्रो हुनसक्ने सम्भावना रहन्छ ।

एक्लै हुर्किने बच्चामा पहिलो त समायोजनको समस्या बढी देखिन्छ । दोस्रो उनीहरूको काम गर्ने शैली पनि अरूको तुलनामा फरक हुन्छ । एक्लै हुर्कने बच्चा अलि धेरै चकचके र छुकछुके स्वभावका पनि हुन्छन् । दुई-तीन जना बच्चासँगै हुर्किएका छन् भने उनीहरूमा सामाजिक भावनाको विकास भएको हुन्छ, अरूसँग छिट्टै घुलमिल हुन सक्छन् ।

तर एक्लै हुर्किएका बच्चाहरू भने परिवार तथा समाजसँग सजिलै घुलमिल हुन सक्दैनन् । साथै, उनीहरूमा मानसिक स्वास्थ्य समस्या जस्तै डिप्रेसन, एन्जाइटी, साना-साना कुरामा आत्तिने र सोसल फोबिया जस्ता समस्या पनि देखिन्छन् ।

### असामाजिक हुने जोखिम कति ?

अहिलेका बालबालिकाले कुन परिस्थितिमा कसरी समायोजन हुनुपर्छ भन्ने कुरा नै सिकेका हुँदैनन् । कुनै पनि कुरामा सम्झौता गर्न नसक्ने, सानो कुरामा रिसाउने, झर्किने र चाहिने भन्दा बढी आक्रामक हुन्छन् । जसले गर्दा बालबालिकामा असामाजिक प्रवृत्तिहरूको जोखिम बढ्न सक्छ ।

बालबालिकाको मनोविज्ञानलाई धेरै आमाबुबाले बुझेका नै हुँदैनन् । बच्चालाई राम्रो स्कुलमा पढायो, उनीहरूको सबै आवश्यकतालाई पूरा गर्‍यो भने मैले मेरो जिम्मेवारी पूरा गरेको छु भन्ने अभिभावकलाई लाग्छ । तर यतिले मात्र बालबालिकालाई पुग्दैन उनीहरूलाई समय पनि दिनुपर्छ । बच्चालाई हुर्काउने क्रममा आमाबुबाले मूलतः बालबालिकालाई समय नै नदिने, उनीहरूको कुरा नसुन्दिने जस्ता कमजोरी गरिरहेका छन् ।

### एकल बच्चालाई कस्तो अभिभावकत्व जरुरी छ ?

कुनै पनि बालबालिकालाई सकारात्मक व्यक्तित्व सिकाउनका लागि उनीहरूलाई छुट पनि दिने र नियन्त्रणमा पनि राख्ने अभिभावक हुनुपर्छ । बच्चालाई धेरै माया पनि गर्ने र उनीहरू नियम विपरीत गए भने अनुशासन पनि सिकाउने खालको अभिभावकत्व एकल बच्चालाई हुर्काउने अभिभावकमा जरूरी छ ।

कम्तीमा एकदेखि दुई घण्टा बालबालिकाका लागि छुट्टाएर उनीहरूलाई भावनात्मक र संवेगात्मक कुराहरू सानैदेखि सिकाउनुपर्छ । बच्चालाई कुरा सेयर गर्ने र उसको कुरा पनि सेयर गर्न लगाउने गर्नुपर्छ ।

### बच्चालाई सुख सुविधा कति उचित ?

बालबालिकाको आवश्यकता पूरा गर्न सक्षम छौं भनेर धेरै पुलपुलाउनु हुँदैन । उनीहरूलाई धेरै छुट पनि दिनु हुँदैन । अहिले त तपाईंले बच्चाको सबै माग पूरा गर्न सक्नु हुन्छ, तर पछि कुनै समयमा उसले यस्तो माग गर्न सक्छ जुन माग पूरा गर्न तपाईं असक्षम हुन सक्नुहुन्छ । त्यो बेला उसले मागेको कुरा पाएन भने उसमा परिवारका सदस्यप्रति नै नकारात्मक सोच आउन सक्छ ।

मेरो माग पूरा हुन सकेन भन्ने कुराले उनीहरूमा मनोवैज्ञानिक असर पनि पर्न सक्छ । त्यसैले सुरूदेखि नै उसले मागेको कुरा उसको आवश्यकता हो कि होइन भनेर विचार गर्नुपर्छ । बच्चाका कुनै माग अस्वीकार गर्दा उनीहरूमा सबै कुरा पूरा हुँदो रहेनछ भन्ने भावनाको पनि विकास हुन्छ ।

## महिनावारी हुँदा विदा दिने देश

महिनावारीको पीडा केटीले मात्रै बुझ्न सक्छिन् । पेट दुख्ने, हिँड्न गाह्रो हुने र ढाड दुख्ने समस्या हुँदा अफिसमा काम गर्नु चुनौतीपूर्ण हुन्छ । तर पनि महिला कर्मचारीलाई महिनावारीको समयमा बिदा दिने कि नदिने भन्ने बहसको विषय बनेको छ । यद्यपि केही देशहरूमा भने यो धेरै पहिले सुरू भयो ।

महिलाहरूको महिनावारी हरेक महिना हुन्छ । यो समय उनीहरूका लागि कुनै पीडा भन्दा कम छैन । यही आवश्यकतालाई मध्यनजर गर्दै सन् १९४७ मा दोस्रो विश्वयुद्धपछि जापानले नयाँ श्रम कानूनमा अवधि बिदा समावेश गरेको थियो ।

सन् १९२२ मा सोभियत संघले यसका लागि राष्ट्रिय नीति बनाएको थियो र त्यसयता केही क्षेत्रमा अवधि बिदा दिइएको थियो । एकै समयमा, यो १९४८ मा इन्डोनेसियामा सुरू भएको थियो। त्यसपछि धेरै देशले महिलाको पीडा बुझेर उनीहरूलाई बिदा दिने व्यवस्था गरे । अहिलेसम्म अष्ट्रेलिया, चीन, रूस, ताइवान, इङ्ल्यान्ड, दक्षिण कोरिया जस्ता देशले महिनावारीका लागि बिदा दिइरहेका छन् ।






# मकवानपुरका १९ वटा मतदान स्थल अतिसंवेदनशील

◆ विकास संवाददाता

मकवानपुरका १९ वटा मतदान स्थल अतिसंवेदनशील रहेको पाइएको छ । आउँदो बैशाख ३० गते हुने स्थानीय तहको चुनावमा १ सय ६५ मतदान स्थल मध्यमा १९ वटा अतीसंवेदनशील रहेको हो ।

आसन्न स्थानीय तहको निर्वाचनका सन्दर्भमा यस मकवानपुर जिल्लाभित्र १० वटा स्थानीय तहमा कुल जम्मा १ सय ६५ वटा मतदानस्थल र ३ सय ५६ वटा मतदान केन्द्रहरू कायम भएको छ । सुरक्षाका दृष्टिकोणले १९ वटा अतिसंवेदनशील, ६० वटा संवेदनशील र बाँकी ८६ वटा सामान्य रहेको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ ।

जिल्लाभित्र स्थानीय तहको निर्वाचन भयरहित शान्तिपूर्ण र सौहार्दपूर्ण वातावरणमा सम्पन्न गर्नका निम्ति गृह मन्त्रालयबाट प्राप्त स्थानीय तह निर्वाचन एकीकृत सुरक्षा योजना, २०७८ का




आधारमा मकवानपुर जिल्लाको स्थानीय तह निर्वाचन विशेष सुरक्षा योजना जिल्ला सुरक्षा समितिबाट पारित गरी कार्यान्वयनमा ल्याइएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले बताए । विशेष सुरक्षा योजनाका आधारमा जिल्लाभित्रका करिब ४० प्रतिशत भन्दा बढी मतदानस्थल तथा मतदान केन्द्रहरूको निरीक्षण प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डेको नेतृत्वमा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूबाट भइसकेको र बाँकी मतदानस्थल तथा मतदानकेन्द्रहरूको निरीक्षण भइरहेको छ ।

# एसइई परीक्षा केन्द्र तोकियो

◆ विकास संवाददाता

एसईई परीक्षाका परीक्षा केन्द्रहरू तोकिएको छ । आउँदो बैशाख ९ गतेदेखि संचालन हुने परीक्षाका केन्द्र तोकिएको हो । थाहानगरमा जनकल्याण मावि, मत्स्यनारायण मावि र बज्रबाराही मावि परीक्षा केन्द्रमा तोकिएको छ । तीन परीक्षा केन्द्रमा ७ सय २६ जना पर िक्षार्थीहरू परीक्षामा सहभागी हुँदैछन् ।

थाहानगर बाहेक भीमफेदी, कैलाश र इन्द्रसरोवर गाउँपालिकाका केहि विद्यालयहरूको परीक्षा केन्द्र पनि थाहा मै परेको छ । थाहाको बज्रबाराही माविको परीक्षा केन्द्र भने इन्द्रसरोवरमा परेको छ । जनकल्याण मावि परीक्षा केन्द्रमा इन्द्रायणी मावि आग्रा, लेकाली बसीफाट मावि भीमफेदी, फ्फ्केश्वरी मावि पालुङ, व्यास मावि गोगने, सरस्वती मावि आग्रा, कमलादेवी मावि डाडाखर्क, मत्स्य नारायण मावि पालुङ, पालुङ इङ्लीस स्कुल पालुङ, पालुङ भ्याली हार्ट एकेडेमी पालुङ र पालुङ मोडर्न इङ्लिस मिडियम स्कुल पालुङका २८२ परीक्षार्थीहरू परीक्षामा सामेल हुँदैछन् ।

यसैगरी मत्स्य नारायण माविमा जनकल्याण मावि पालुङ, जनकल्याण मावि (प्राविधिक) पालुङ, सुन्दरीदेवी मावि आग्रा, सुन्दरीदेवी मावि (प्राविधिक) आग्रा, हिमालयन इङ्लिस सेकेन्डरी स्कुल पालुङका १ सय ८८ जना परीक्षार्थीहरू परीक्षामा सहभागी हुँदैछन् ।

यसैगरी बज्रबाराही माविमा बागेश्वरी मावि टिष्टुङ, सुनौला मावि कुन्छाल, सरस्वती बालबोधिनी मावि मार्खु, स्वच्छन्द्र भैरव मावि चित्लाङ, नाटेश्वर मावि टौखेल, इअन बोडिङ स्कुल बज्रबाराही, सरस्वती बिद्या मन्दिर इङ्लिस स्कुल बज्रबाराहीका २ सय ५६ जना परीक्षार्थीहरू सहभागी हुनेछन् ।

यसैगरी बज्रबाराही माविका ४६ जना परीक्षार्थीहरू भने सरस्वती बालबोधिनी मावि मार्खु परीक्षा केन्द्रबाट परीक्षा दिनेछन् । सबै परीक्षा केन्द्रहरू पूर्ण रुपमा व्यवस्थित भइसकेको जिल्ला शिक्षा विकास तथा समन्वय इकाइ कार्यालयले जनाएको छ । परीक्षा विहान ८ बजेदेखि हुनेछ ।

# काँग्रेस नेता बानियाँले गरे मार्खु स्वास्थ्य चौकीलाई एम्बुलेन्स सहयोग

◆ विकास संवाददाता

नेपाली कांग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँले मकवानपुरको मार्खु स्वास्थ्य चौकीलाई एम्बुलेन्स हस्तान्तरण गरेका छन् । बागमती प्रदेशको कांग्रेस संसदीय दलका नेता समेत रहेका बनियाँले महेन्द्रा कम्पनीको बलेरो गाडी इन्द्रसरोवर गाउँपालिका वडा नम्बर १ स्थित मार्खु स्वास्थ्य चौकीलाई हस्तान्तरण गरेका हुन् ।

उनले इन्द्रसरोवर १ का वडाध्यक्ष जमानसिंह वाइबालाई एम्बुलेन्सको चाबी हस्तान्तरण गरेका हुन् । स्वर्गीय दाइ राजकुमार बानियाँको स्मृतिमा इन्द्रले आफ्नै निजी खर्चमा एम्बुलेन्स किनेर मार्खु स्वास्थ्य चौकीलाई हस्तान्तरण गरेका हुन् ।




वडाध्यक्ष वाइबाको आग्रह अनुसार स्वर्गीय दाइ राजकुमारको स्मृतिमा एम्बुलेन्स प्रदान गरेको बानियाँले बताए । राजनीति समाजसेवा गर्नका लागि गरेको भन्दै उनले जनताको सेवाका लागि एम्बुलेन्स दिएको धारणा राखे । एम्बुलेन्स दुर्घटना हुँदा महिला सुत्केरी हुँदा र अन्य अवस्थामा तत्काल उपचार गर्न आवश्यक पर्ने भएकाले जनताको हितका लागि एम्बुलेन्स उपलब्ध गराएको उनको भनाइ छ । बनियाँले मार्खु स्वास्थ्य चौकीको स्तरोन्नति र भौतिक पूर्वाधार विकासमा सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरे ।

एम्बुलेन्स हस्तान्तरण कार्यक्रममा बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री दिपेन्द्र श्रेष्ठले राजनीति समाजसेवा भएको बताउँदै एम्बुलेन्स उपलब्ध गराउने बानियाँलाई धन्यवाद ज्ञापन गरे । बानियाँले राज्यबाट पाउने सेवा सुविधा समेत समाजसेवामा खर्च गरिरहेको जनाउँदै यो क्षेत्रको विकासमा उनको विशेष योगदान रहेको मन्त्री श्रेष्ठको भनाइ छ । एम्बुलेन्सले यो क्षेत्रका जनताको स्वास्थ्य सेवामा महत्वपूर्ण योगदान दिने उनको विश्वास छ ।

कार्यक्रममा बोल्दै वडाध्यक्ष वाइबाले एम्बुलेन्स उपलब्ध गराउने नेता बानियाँलाई धन्यवाद दिए । आफ्नै निजी खर्चमा एम्बुलेन्स दिएकोमा बानियाँप्रति आभार समेत व्यक्त गरे । एम्बुलेन्स हस्तान्तरण समारोहमा मार्खु स्वास्थ्य चौकीका प्रमुख सुवास राना, कांग्रेस ललितपुर महासमिति सदस्य मिनकृष्ण महर्जन, इन्द्रसरोवर गाउँपालिकाका कांग्रेस सभापति विश्व लामा, तरूण दल अध्यक्ष कृष्ण बलामी, समाजसेवी सुमन श्रेष्ठलगायत विभिन्न राजनीतिक दलका स्थानीय नेताहरूको उपस्थिति रहेको थियो ।

बनियाँले मकवानपुरको स्वास्थ्य, शिक्षा, पर्यटन, भौतिक पूर्वाधार विकासका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । मार्खु स्वास्थ्य चौकीलाई एम्बुलेन्स हस्तान्तरण गर्नुले पनि उनी सामजसेवी राजनीतिज्ञको रूपमा आफ्नो परिचय बनाउँदै छन् ।

# राक्सिराङका किसानलाई 'किसान क्रेडिट कार्ड' उपलब्ध गराइने

◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङका किसानको वित्तिय पहुँच र कृषिको डिजिटलाईजेसनका लागि किसान क्रेडिट कार्ड उपलब्ध गराइने भएको छ । यसका लागि प्राविधिक कार्य गर्नका लागि राक्सिराङ गाउँपालिका र आर. एण्ड डि. ईनोभेटिभ सोलुसन बीच सम्झौता भएको छ ।

किसानहरूलाई आर्थिक सचेतना गराउने, बैंकिङ प्रणालीमा आबद्ध गराउन सहयोग गर्ने उद्देश्यले किसान क्रेडिट कार्डको प्रक्रिया थालिएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले जानकारी दिए । क्रेडिट कार्ड मार्फत पैसा निकाल्न नसकिने, तोकिएको भेन्डर मार्फत तोकिएको कृषि सम्बन्धित सामग्री मात्र खरिद गर्न पाउने, सस्तो ब्याजदर लगायतका व्यवस्था हुने गर्तौलाले बताए । 'किसान क्रेडिट कार्ड' मार्फत कृषकले के गर्न चाहन्छन्, त्यसमा आर्थिक स्रोतको अभाव हुन नदिने, संस्थाले बजार सहितको पहुँच समेत बनाइदिने हुँदा सहज हुन्छ भन्ने विश्वास पालिकाले लिएको छ ।

> उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।
> – विकास खबरपत्रिका

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com

# साहारा रिसोर्टमा साहित्यको अर्को स्वाद: 'पालुङ साहित्यिक साँझ'

◆ विकास संवाददाता

साहित्यिक साँझ, मकवानपुर थाहानगरका लागि नयाँपन हो । यहि नयाँपन नयाँ वर्षको शुरूवातसंगै अभ्यास भयो । नयाँ वर्ष २०७९ को आवागमनसंगै थाहा नगरपालिका वडा नम्बर ४ नयाँगाउँमा २ वैशाखमा 'पालुङ साहित्यिक साँझ' भएको छ । मिठामिठा परिकार चाख्न र पारिवारिक वातावरण भएको साहारमा २ वैशाख साँझ, स्थानीय तथा बाह्यि साहित्यकारहरूको उपस्थितीमा रिसोर्टका अतिथीहरूले सहित्यिक स्वाद पनि लिन भ्याए । रिसोर्टको रमणीय थुम्को सहित्यमय भयो । साहित्यकारहरूको मुक्तक र कविता वाचनमा रिसोर्टका अतिथीहरू झुम्मिए । र, आफूलाई आनन्दित तुल्याए । पालुङ साहित्य परिषद्को व्यवस्थापनमा साहारा रिसोर्टमा 'साहित्यिक साँझ' भएको हो ।



स्थानीय कविहरू नवराज बर्तौला, भद्रध्वज गौतम, राम बर्तौला आँसु, अञ्जन प्रधान, शालीकराम बर्तौलाले रचना वाचन गरेका थिए । कार्यक्रममा चन्द्रनिगाहपुर रौतहटका वरिष्ठ साहित्यकार हरिकृष्ण काफ्लेको विशेष प्रस्तुति रहेको थियो । नेपाली साहित्यका शिखर व्यक्तित्व हरि कृष्ण काफ्ले मुक्तक विधामा ४ दशकदेखि सक्रिय साधनारथ छन् । उनका ३ वटा कृति प्रकाशित छन् भने अर्को कृति प्रकाशनको तयारीमा रहेको छ ।

जीवन र जगतका विविध विषयलाई गम्भीर ढंगले दार्शनिक अभिव्यक्तिका साथ कलात्मक विचार प्रवाह गर्नसक्ने हैसियत निर्माण गरेका काफ्ले समकालीन समयका चर्चित मुक्तककार हुन् । उनको योगदानको उच्च मूल्यांकन गर्दै संस्थाले मुक्तक रत्न २०७९ समर्पण गरेको छ । मकवानपुर जिल्लाको उत्तरी क्षेत्रमा स्थापना भएको पालुङ साहित्य परिषद्ले यसभन्दा अगाडि राष्ट्रिय गजल यात्रा, यात्रा साहित्य, साहित्य महोत्सव, पुस्तक प्रकाशन र प्रतियोगियात्मक कविता गोष्ठी लगायत अन्य विविध कार्यक्रम सम्पन्न गरिसकेको छ। भद्रध्वज गौतमको संयोजन तथा संस्थाका अध्यक्ष बिर्खे 'अञ्जान'बाट संचालन भएको पालुङ साहित्यक साँझमा स्थानीय उल्लेखनीय जनसहभागीता रहेको थियो ।

# राक्सिराङका किसानले तालिम लिए, तरकारीको बिऊ सहयोग पाए

◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ गाउँपालिकाको आयोजनामा किसानहरूलाई क्षमता अभिवृद्धि तालिम तथा तरकारी विऊ वितरण कार्यक्रम भएको छ । राक्सिराङको वडा नम्बर १, ३, ५ र ७ मा रहेका कृषक समूहलाई क्षतमता अभिवृद्धि तालिम दिइएको हो । तालिममा कृषक समुहको गठन प्रक्रिया, संचालन प्रक्रिया समूहमा आवद्ध हुनुको फाइदा, लगायतको विषयमा सहजीकरण गरिएको थियो ।

तालिममा जनप्रतिनीधि, टोल विकास संस्थाका प्रतिनीधिहरू र स्थानीय समुदायको सहभासगिता रहेको थियो । तालिमको अवसरमा उपस्थित किसानहरूलाई विभिन्न ७ थरी तरकारीको विऊ समेत वितरण गरिएको थियो । पालिकाले ताजा तरकारीका लागि किसानहरूले करोसाबारी स्थापना गर्न प्रोत्साहन गर्दै आएको छ । 'स्वस्थ जीवनका लागि स्वस्थ खाना' हुनुपर्ने बताउँदै पालिकाको कृषि शाखाले घरघरमा करेसाबारी बनाउन आग्रह गरेको छ ।

राक्सिराङको तालिम संचालन नभएका अन्य वडाहरूमा पनि प्राविधिकको सहयोगमा बिऊ वितरण गरिने पालिकाका कृषि शाखा प्रमुख कृष्ण डुम्रेले बताए । पालिका अन्तर्गतका करिब १ हजार ५ सय घरपरिवारलाई लक्षित गर्दै विऊ वितरण गरिएको शाखा प्रमुख डुम्रेले बताए । कार्यक्रममा सहभागी नभएकाहरलाई पालिकाको कृषि शाखाबाट पुनः तरकारीको वितरण गरिने डुम्रेले बताए । गाउँमा बसेर पनि बजारबाट तरकारी किनेर खानुपर्ने प्रवृत्तिको अन्त्य गर्दै किसानलाई आयआर्जको साथै आत्मनिर्भरतामा सहयोग पुऱ्याउन कार्यक्रम संचालन गरिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । अध्यक्ष मल्लले किसानहरूलाई समूहमा काम गर्न र कृषि पेशाप्रति थप आकर्षण ल्याउन कृषक समुह तथा सहकारीको थप मजबुद बनाइ आगामि दिनमा प्रत्येका टोलमा कृषिक कृषक तथा सहकारी स्थापनामा सहजीकरण गर्न कृषि प्राविधिकहरूलाई सुझाव दिए ।

# मालपोत कार्यालयमा शतवार्षिकी कार्यक्रम

◆ विकास संवाददाता

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले लिखत रजिष्ट्रेशन प्रारम्भ गरेको एकसय वर्ष पुगेको अवसरमा तीन दिनसम्म विभिन्न कार्यक्रमको आयोजना गरी विशेष कार्यक्रम मनाएको छ । नेपालमा घर जग्गा किनबेच हुन थालेको १०० वर्ष पुगेको हो । विक्रम संवत १९७९ साल बैशाख १ गते 'पोता रजिष्ट्रेशन' लिखतलाई पहिलो किनबेच भएको मानिन्छ ।

शतवार्षिकीको ३० चैतमा एक कार्यक्रमको आयोजनजा मालपोत कार्यालय शिखरकोटमा पनि तीनदिने कार्यक्रमको शुभारम्भ गरिएको थियो । कार्यक्रमको मालपोत कार्यालय शिखरकोटका प्रमुख मधु लम्सालले शुभारम्भ गरेका हुन् । तीनदिने कार्यक्रम अन्तर्गत पहिलो दिन शुभारम्भ तथा कार्यालय परिसरमा सरसफाइ, दोस्रो दिन अन्तरक्रिया र तेस्रोदिन सेवाग्राही सम्मान तथा समापन कार्यक्रम गरिएको कार्यालय प्रमुख लम्सालले बताए ।

वि.सं. १९७९ भन्दाअघि घरजग्गा किनबेच हुने भएपनि सरकारसँग कुनै रेकर्ड नहुने र लिने दिने दुई जना र साँची बसेर कागज गरेपछि जग्गाको किनबेच हुँदै आएकोमा सरकारले १९७९ बैशाख १ गतेदेखि माल अड्डाबाट किनबेच शुरू गरेको मालपोत कार्यालय शिखरकोटका प्रमुख लम्सालले जानकारी गराए ।

# थाहानगरको राष्ट्रिय विभूति पार्क र वागेश्वरीमा नयाँवर्षे मेला

◆ विकास संवाददाता



मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ११ मा रहेको राष्ट्रिय विभूति पार्क (मूलबारी चौर) मा मेला लागेको छ । मुलाबारी नजिकै रहेको मनकामना मन्दिरमा मेला लागेसंगै पार्कमा आन्तरिक तथा बाह्यि पर्यटकहरूको घुइचो लागेको थियो । पूर्वाधार विकास समेत हुँदै गरेको पार्क क्षेत्रमा नयाँ वर्षको अवसरमा घुमफिरका लागि थाहानगर तथा छिमेकी पालिका र धादिङ जिल्लाका समेत आन्तरिक तथा बाह्यि पर्यटकहरूको उपस्थिती रहेको थियो ।

यसैबीच मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको वागेश्वरी मन्दिरमा नयाँवर्षे मेला लागेको छ । प्रत्येक वर्ष वैशाख १ गते मेला लाग्ने वागेश्वरीमा स्थानीयहरू दर्शन तथा पुजार आरधानाको लागि पुग्ने गर्दछन् । पहिलेदेखि नै पुजाआजा गरिने मन्दिरमा अहिले वैशाख १ गते मेला नै लाग्ने मन्दिरका पुजारी राम बहादुर विष्टले जानकारी दिए । मेलाको अवसरमा १ वैशाखमा थाहानगरका शिखरकोट, डाँडागाउँ, घर्तिखोला, आग्रा तथा कैलाशगाउँपालिका क्षेत्रका मानिसहरू समेत वागेश्वरी पुगेका थिए । पुजारी विष्ट भन्छन्–'प्रचारप्रसारको अभावमा मन्दिर आउने भक्तजनहरूको संख्या कमी छ, प्रचारप्रसारमा नगरपालिकाले सहयोग गरिदिन पर्‍यो ।'

त्यस्तै थाहानगरको दामन, चित्लाङ, थाहा पार्कलगायतको क्षेत्रमा पनि १ वैशाखमा पर्यटकहरूको उपस्थिती रहेको थियो । पछिल्लो समय आन्तरिक पर्यटनका लागि घुमफिर गर्ने प्रचलन बढ्दै गएको छ ।

# एमाले इन्द्रसरोवरको सबै उमेद्वार सर्वसम्मत

◆ विकास संवाददाता

नेकपा एमालेले मकवानपुर इन्द्रसरोवर गाउँपालिकाले सबै उमेद्वार को टुङ्गो लगाएको छ । एमाले इन्द्रसरोवरले पालिका अध्यक्षको उमेद्वारमा देवकृष्ण पुडासैनी र उपाध्यक्षमा हरिमायाँ बललाई उमेद्वार बनाउने निर्णय भएको छ ।

त्यस्तै वडा नम्बर १ को अध्यक्षमा र ाजु बस्नेत, २ मा बैकुण्ठ थापा, ३ मा प्रताप भोम्जन, ४ मा चन्द्र कुमार बल र ५ नम्बर वडामा अनिश लामालाई एमालेले वडा अध्यक्षको उमेद्वार बनाउने निर्णय गरेको छ ।

५ वटा वडा रहेको इन्द्रसरोवर गाउँपालिकामा वि.सं. २०७४ को स्थानीय पालिका निर्वाचनमा वडा नम्बर १ बाहेक सबै वडा नेकपा एमालेले अध्यक्षसहित सदस्य र पालिका अध्यक्ष तथा उपाध्यक्ष जितेको थियो ।

वडा नम्बर १ भने नेपाली काँग्रेसले जितेको थियो ।

## गुणस्तरीय शिक्षाका .... ..

हुँदै आएको उललेख गरे । उनले थाहा नगरपालिकाको मात्र आर्थिक सहयोगले क्याम्पस संचालनका लागि नपुग हुने बताएउँदै प्रदेश तथा संघबाट किटानीसाथ रकम प्राप्त नहुँदासम्म क्याम्पस आर्थिक रूपमा सबल हुन कठिन रहेको बताए ।

क्याम्पसको विकासका लागि सरोकारवाला एकजुट भएर संस्थागत हितमा जुट्नु आवश्यक रहेको बताउदै आगामी वर्षमा सबैको साथ र समयको माग बमोजिम संकाय थप गर्ने प्रतिवद्धता जनाए ।

वार्षिक उत्सव कार्यक्रममा पालुङ बहुमुखी क्याम्पसको पाँचौ परिषद सभा तथा १९ औंवार्षिक उत्सव कार्यक्रममा थाहानगर शिक्षा शाखा प्रमुख शोभाकर रेग्मी, नेकपा एकीकृत समाजवादीका डम्बर लामा, नेकपा एमाले थाहा इन्चार्ज बिष्णु प्रसाद ढकाल, भुपु सैनिक संघ मकवानपुर अध्यक्ष कमल कुमार केसी, भुमी आयोग मकवानपुर सदस्य अरूण रायमाझी, क्याम्पस प्रमुख रामहरि अधिकारी, संचालक समितिका सदस्यहरू, नगरभित्रका विद्यालय ब्यबस्थापन समितिका अध्यक्षहरू, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष पुरूर्षोत्तम कार्की, पालुङ जेसिज वर्ष २०२२ अध्यक्ष जयराम केसी, थाहानगर उद्योग बाणिज्य संघका भरत गोपाली, जनकल्याण माविका अध्यक्ष राजिब स्याङ्तान, थाहानगर होटल एसोसिएसन अध्यक्ष शिवकुमार खत्री, स्ववियु सभापति मुकेश गोलेलगायतकाको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा क्याम्पसका विद्यार्थीहरूले सास्कृतिक प्रस्तुति समेत दिएका थिए ।



## डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।

**डढेलोले,**


- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदुषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,


त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानी गर्दा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**












● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: *bikaskhabar@gmail.com* ● सम्पादक : कुमार नेगी